# सुनवल नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम

**सुनवल नगरपालिकाको एघारौं नगरसभाको प्रथम बैठकका अध्यक्ष एवम् उपप्रमुखज्यू !!**
**नगरसभाका सदस्यज्यूहरु**



ऐतिहासिक संविधान सभावाट बनेको नेपालको संविधान जारी भए पश्चात उक्त संविधानवाट स्थानीय तहको पुनर्संरचना भई स्थापित यस सुनवल नगरपालिकाको दोस्रो निर्वाचन सम्पन्न भएसँगै हामीले यस सुनवल नगरपालिकाको दोस्रो जननिर्वाचित स्थानीय सरकारको रुपमा कार्य गर्ने जिम्मेवारी पाएका छौ । सुनवल नगरपालिकाको यस गरिमामय एघारौं नगर सभामा सुनवल नगरपालिकाको दोस्रो जननिर्वाचित नगर प्रमुखको रुपमा यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मलाई अत्यन्तै खुशी र गर्व महसुस भएको छ।

यस घडीमा राष्ट्रका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीद विष्णु पाण्डे लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहीदका योगदानको स्मरण गर्दछु।

हालै सम्पन्न स्थानीय तह सदस्य निर्वाचन मार्फत गणतान्त्रिक नेपालको संविधानमा व्यवस्था भएको सेवा प्रवाह गर्ने कार्यमूलक सरकारका रुपमा नागरिकको दैलोको सरकार, स्थानीय सरकार मार्फत नगर प्रमुखको रुपमा नगरबासीको सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण मतदाता तथा राजनीतिक दलका अग्रजहरुको योगदानलाई पनि स्मरण गर्दै हार्दिक सम्मान गर्न चाहन्छु साथै हालै सम्पन्न स्थानीय तह सदस्य निर्वाचन मार्फत हामीहरुलाई ऐतिहासिक जिम्मेवारी प्रदान गर्नुहुने समस्त नगरवासी आदरणीय दिदिबहिनी तथा दाजुभाईहरु प्रति सम्मान र अभिनन्दन प्रकट गर्दछु। सुनवल नगरपालिकाको नगर प्रमुखको रुपमा यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गरेको यस पावन अवसरमा संघियता पश्चात स्थापित यस सुनवल नगरपालिकाको संस्थागत प्रवन्धका साथै विकासको जग स्थापित गर्दै पहिलो जन निर्वाचित स्थानीय सरकारको रुपमा आफ्नो कार्य जिम्मेवारी सफलता र कुशलता पूर्वक सम्पन्न गर्नु भएकोमा निवर्तमान नगरप्रमुख नगर उपप्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरुको योगदानप्रति उच्च सम्मानका साथ आभार प्रकट गर्न चाहन्छु।

**अध्यक्ष तथा नगरसभा सदस्यज्यूहरु**

आज हामी विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाईरस (कोमिड १९) को महामारीको कारणवाट शिथि भएको आर्थिक सामाजिक परिवेशवाट गुज्रि रहेका छौं । विश्व अर्थतन्त्र र नेपालको अर्थतन्त्रको अवस्था तंग्रदै ग विश्व भूराजनीति र क्षेत्रीय युद्धले अर्थतन्त्रमा थप भड्काहरु थपिएका छन् विश्व शक्ति राष्ट्को टकरावको कारण समेत नेपालको अर्थतन्त्रमा परेको नकारात्मक असरबाट हामी सुनवल नगरवासीहरु पनि अछुतो रहन सक्ने अवस्था छैन । सुनवलको विकास र समृद्धिमा आउने चुनौतिहरुलाई अवसरको रुपमा लिई थप उर्जाशील भई जिम्मेवारी साथ थालनी भएका विकासका कार्यहरु सम्पन्न गर्दै नगरको विकास र समृद्धिको लक्ष्यलाई प्राप्त गर्ने गरी सीमित र साधनवाट नगरवासीका असिमित आवश्यकताको सम्बोधन गर्न हामीमा न्याय, नैतिकता क्रियाशीलता एवम् मान



"सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानताः समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"

सोच आवश्यकता पर्दछ। नागरिकबाट हस्तान्तरण भएको शासकीय अधिकारलाई नैतिकरुपा जिम्मेवार भई कार्यान्वयन गर्ने जिम्मवारी हामीमा आएको छ। हाम्रो शासकीय अधिकार नागरिकको हितमा प्रयोग गर्ने प्रण गरेका छौं।

देशमा ठूलो राजनैतिक परिवर्तन पछि जनताको मनग्य आकांक्षा सँगै स्थानीय सरकार प्रतिको बढ्दो अपेक्षा, विद्यमान श्रोत र साधनको सिमितताको बाबजुद उपलब्ध श्रोत र साधनको बैज्ञानिक व्यवस्थापन गर्दै विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता बीच पुर्याउने मेरो प्रयास रहनेछ। जनआकाँक्षा र आवश्यकताका बीचमा तालमेल मिलाई जनताले धान्न सक्ने लागत सहभागिता प्राप्त गरी पिछडिएका जाती, अल्पसंख्यक, पिछडा वर्ग, जनजाती, दलित, उत्पीडित, महिला, बालबालिका, मधेशी, मुस्लीम, आदीवासी लगायत समस्त नगरवासीहरुको समृद्धिका लागि कुशलता पूर्वक विकास व्यवस्थापन गर्ने हाम्रो प्रयास रहने नै छ एकिकृत सहरी विकास योजना, आवधिक नगर विकास योजना, विषय क्षेत्रगत योजनाहरुका साथै विभिन्न नीतिगत र कानुनी व्यवस्था तथा संस्थागत प्रवन्धको जगमा सिमित स्रोत र साधानको कुशल परिचालनवाट सुनवल नगरवासीको समग्र विकास र समृद्धिका लक्ष्य प्राप्तीमा हाम्रो प्रयास अनवरत रहने छ। नेपालको संविधान तथा अन्य प्रचलित कानुनले स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रको अधिनमा रहि नगरक्षेत्रमा रहेको प्राकृतिक स्रोत लगायत आन्तरिक आयका विविध क्षेत्रहरुवाट नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न सकिने, नेपाल सरकार, प्रदेश सरकारका साथै विभिन्न दातृ निकायहरु नगरक्षेत्रमा स्रोत परिचालन गर्न सकारात्मक रहनु, स्थानीय राजनीतिक दल तथा नागरिक समाजको नगरको विकासमा एक्यवद्धता रहनु जस्ता विषयहरुलाई अवसरको रुपमा लिदै सिमित स्रोत र साधनको अधिकतम् उपयोगवाट जनताका असिमित आवश्यकता पुरा गर्नुपर्ने चुनौतीको सामना गर्न सफल हुने विश्वास मैले लिएको छु।

नेपालको संविधानमा भएको स्थानीय तह सम्वन्धी संवैधानिक व्यवस्था र संविधानको अनुसुची ८ बमोजिमको स्थानीय तहको अधिकारको सुची एवं अनुसुची ९ बमोजिमको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारले अन्तरराष्ट्रियस्तरमा जाहेर गरेका प्रतिवद्धता कार्यान्वयनको विषय, नेपालले सन् २०१५ देखि २०३० सम्मका लागि तय गरेको दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण सुनवल नगरपालिकाको आवधिक योजनाले परिलक्षित गरेका लक्ष्यहरु हासिल गर्न टेवा पुग्ने जस्ता आधार र दायराभित्र रहि सुनवलको दिर्घकालिन विकास रणनीतिलाई सफल बनाउने हेतुले दीर्घकालिन सोच सहित सुनवलको समृद्धि र नगरवासीको खुशीमा केन्द्रित रहि समृद्ध नगरः सुखी नगरवासी भन्ने संकल्पलाई पूरा गर्न ***"सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानताः समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"*** भन्ने मुल नारा तय गरी आगामी सुनवलको सुन्दर भविष्यको परिकल्पना सहित आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस नीति तथा कार्यक्रमको मार्ग दर्शनमा तयार भएको वजेट तथा कार्यक्रमवाट नगरपालिकाको समग्र विकास, उन्नतीमा तथा नगरको दिगो विकास र समृद्धिमा थप उचाइ प्राप्त हुने मैले विश्वास लिएको छु।

**अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु**

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम दोस्रो जननिर्वाचित स्थानीय सरकारको रुपमा हामी निर्वाचित भै आइसकेपछि पहिलो जननिर्वाचित स्थानीय सरकारवाट थालनी भएका कार्यहरुलाई सम्पन्न गर्दै जनआकांक्षा अनुरुपका नयाँ र रचनात्मक विकास कार्यहरु गर्ने गरी हाम्रो नीति तथा कार्यक्रम केन्द्रित हुनेछन। प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा तर्जुमा हुने वार्षिक वजेटको कार्यान्वयनवाट नगरवासीको संमृद्धिमा टेवा पुग्ने विश्वास लिएको छु



CamScanner

अब म आगामी आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**(क) सामाजिक विकास तर्फः**

१. नगर भित्रका महिलाहरुको सर्वाङगिण विकासका लागी नगर प्रमुख महिला उत्थान कार्यक्रम संचालन गरिनेछ, महिला र वालवालिकासँग मेयर कार्यक्रम सञ्चालन गरिनेछ, महिलाहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम मार्फत आत्म निर्भर हुने व्यवस्था मिलाईने छ।

२. महिलाको सुरक्षित मातृत्व र प्रजनन् सुरक्षाको लागि नगरमा रहेको प्रसुति गृहको क्षमता बृद्धि गर्दै लगिने छ सुनौलो हजार दिनमा महिलाहरुको पोषणको निरन्तर रेखदेखको व्यवस्था मिलाईने छ। जन्म दर्ताकै समयमा पोषण भत्ता दिने व्यवस्था गरिनेछ।

३. नगर स्तरमा एक बहुउद्धेश्यीय महिला सीप तथा उद्यम विकास केन्द्र स्थापना गरि सोही भवनबाट वडाका उद्यम केन्द्रहरु परिचालन गर्दै नगरका महिलाहरुको उद्यम विकास, नेतृत्व विकास, सिप विकास र उत्पादित वस्तुको वजारीकरण सम्बन्धि गतिविधि संचालन गरिने छ। यसबाट महिलाहरुको व्यक्तित्व, नेतृत्व विकास र रोजगारीमा महत्वपूर्ण उपलब्धि हाँसिल हुनेछ।

४. महिलाहरुको उद्यम क्षमता विकासका लागि स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सिलता विकासमा जोड दिईनेछ।

५. महिला उद्यम केन्द्रको सदस्यता शुल्कमा एकरुपता कायम गरिनेछ। हाल लिइदै आएको शुल्कलाई घटाइ न्यून शुल्कमा सदस्य हुन पाउने व्यवस्था गरिनेछ।

६. सुनवल नगरपालिका भित्रका महिलाहरु माथि हुने सबैखाले विभेद र हिंसाजन्य गतिविधिमा सून्य सहनसिलताको नीती लिईने छ

७. नगरलाई ५ वर्ष भित्रमा पूर्ण रुपमा महिला हिंसामुक्त नगर घोषणा गरि कार्यान्वयनमा ल्याईने छ।

८. विभिन्न किसिमका हिंसाबाट पिडित महिलाहरुको उद्धार संरक्षण र पुर्नस्थापनाका लागि नगरभित्र हिंसा पिडित महिला पुर्नस्थापना केन्द्र (सेप हाउस) निर्माण कार्यलाई अगाडी बढाईने छ।

९. सुनवल नगरपालिकालाई बालमैत्री अध्ययन अवलोकन केन्द्रको रुपमा विकास गरिनेछ। बालमैत्री सिकाई केन्द्रलाई बालमैत्री अभिलेखालयका रूपमा संचालनमा ल्याईने छ।

१०. आधुनिक प्रविधिको प्रयोग गर्दै बाल अधिकारको संरक्षण र बालबालिकासँग सम्बन्धित घटनाहरु व्यवस्थित गरिनेछ। बालबालिकाको लागि सुनवललाई सुरक्षित नगरको रुपमा विकास गरिनेछ।

११. सबै बालबालिकाहरुलाई बालक्लवमा आवद्ध गरी क्षमता विकास गरिनेछ। बालश्रम, बालविवाह र बालबालिका माथि हुने हिंसामा सून्य सहनसिलताको नीति अवलम्बन गरिनेछ।

१२. बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि बालभेलालाई संस्थागत गर्दै योजना तर्जुमा र कार्यान्वयन गरिने

१३. आदिवासी, जनजाति, मधेशी, मुस्लीम, पिछडावर्ग, दलित अशक्त अपाङ्गता लगायत सबै क्षेत्रको विकास



लागि आवश्यक बजेट व्यवस्था गरिनेछ, नगरबाट प्राप्त गर्ने सेवामा आवश्यक सहजीकरण गरीने छ। सबै समुदायको भाषा संस्कृति, भेषभुषा र कलाको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यक्रमहरु तय गरी लागु गरिने छ।

१४. सुनवल नगरपालिका नेपालको पहिलो बालमैत्री नगरपालिका भएकोले यसको दिगोपनाका लागि महिला र बालबालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन गरिने छ।

१५. महिला हिसां विरोधि अभियान संचालनका लागि हरेक वडामा समस्या ग्रस्त महिला उद्धार तथा संरक्षण र परामर्श कार्यक्रमहरु संचालन गरिने छ, यसका लागि वडातहमा महिला सेल गठनगरी क्रियाशील बनाइनेछ।

१६. सबै बालबालिकाहरुको शिक्षामा पहुँचलाई सुनिश्चित गरिनेछ। विपन्न विद्यार्थीका लागि छात्रवृतिको व्यवस्था गरिनेछ।

१७. सबै विद्यालयका भौतिक संरचनाहरु बालमैत्री बनाईने छ दिवा खाजा कार्यक्रम नियमित र गुणस्तरीय बनाईनेछ। सबै विद्यालयहरुमा दण्डरहित शिक्षा र प्रभावकारी बालमैत्री सिकाई पद्धति अवलम्बन गरिनेछ

१८. सामुदायिक विद्यालयका भवन र अन्य भौतिक संरचना आवश्यकता अनुसार थप निर्माण, मर्मत संभार गरिनेछ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरिनेछ।

१९. नगरभित्र संचालित संस्थागत विद्यालयहरुको अनुगमन, नियमन र शैक्षिक गुणस्तर सुधारमा जोड दिईनेछ।

२०. कार्यसम्पादन र विद्यालय गुणस्तर मापन सूचकको आधारमा नगरको उत्कृष्ट विद्यालय, शिक्षक, शिक्षिका तथा कर्मचारीलाई पुरस्कृत गरिनेछ।

२१. विपन्न बिद्यार्थीहरुको उच्च शिक्षा अध्ययनका लागि सहयोग गर्न नगर प्रमुख छात्रवृति कोष स्थापना गरिनेछ

२२. विद्यालय व्यवस्थापन समितिको प्रभावकारी प्रबन्ध र जवाफदेहिता प्रबंधन गर्न अभिमुखिकरण तथा अभिभावक शिक्षा कार्यक्रमलाई विस्तार गरिनेछ।

२३. दक्ष, अर्धदक्ष प्राविधिक जनशक्ति तयारीका लागि प्राविधिक शिक्षालयहरु, प्राविधिक धार सञ्चालन भएका विद्यालय, सिटिइभिटिबाट सम्वन्धन प्राप्त विद्यालयहरुको संस्थागत विकास गरिने छ। प्रदेश एवं केन्द्रिय सरकारसंगको समन्वयमा प्राविधिक विषयको अध्ययनका लागि शैक्षिक संस्थाहरुको स्थापना गरिने छ।

२४. विपन्न, असहाय, दलित र पछाडी परेको वर्गका लागि विशेष शैक्षिक कार्यक्रम अन्तर्गत निःशुल्क शिक्षा दिने व्यवस्था मिलाइने छ। सामुदायिक विद्यालयको आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२५. बिभिन्न विश्व विद्यालय र शैक्षिक संस्थाहरुसंगको समन्वय र सहकार्यमा नगरको विकासका लागि विभिन्न पक्षको अध्ययन अन्वेषण गर्ने व्यवस्था मिलाईनेछ।

२६. विशेष संरक्षणको आवश्यकता भएका (केहि नहुने कोहि नहुने) बालवालिकाहरुको अभिभावकत्व ग्रहण गर्दै उनिहरुको निशुल्क अध्ययनका लागि लुम्बिनी माध्यमिक विद्यालयमा आवास सहितको विद्यालय संचालन गरिनेछ।

CamScanner

२७. युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि खेल मैदान निर्माण, कवर्ड हल तथा क्लब भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था र अन्य खेल पूर्वाधार निमार्ण गरिनेछ।

२८. युवाहरुलाई उद्यमशीलता विकास तालिम, व्यावसायिक शिक्षा र इन्टर्नसिपको व्यवस्था मिलाईनेछ।

२९. गरिबीको दुष्चक्रमा परेका नागरिकको उद्धारका लागि गरिबसँग उपमेयर कार्यक्रम संचालन गरिनेछ।

३०. सबैका लागि खेलकुदः सधैंका लागि खेलकुद अभियान संचालन गरिनेछ। हरेक वडामा एक खेल मैदान अभियान [illegible] अन्तरगत हाल भएका खेल मैदानको स्तरोन्नती गर्दै लगिने छ।

३१. फुटवल, भलिवल, क्रिकेट एवं मार्सल आर्टस सम्बन्धी खेलको विकास र विस्तारका लागि नगरस्तरीय खेलकुद समितिलाई क्रियाशिल बनाई संस्थागत विकास गरिनेछ।

३२. बडेरा, किर्तिपुर, बनाहा, हर्दिया र सिरानटोलमा नगर स्तरका खेल मैदान तयार गरिने छ। कम्तीमा २ वटा नगर स्तरीय सुविधा सम्पन्न कवर्डहल निर्माण गर्ने कार्य अघि बढाइनेछ।

३३. यस नगरपालिकामा रहेका नागरिकहरुलाई आगामी पाँच वर्षभित्र आधारभूत स्वास्थ्यसेवा निशुल्क रुपमा उपलब्ध गराईने नीतिलाई कार्यान्वयन गर्न संभाव्यता अध्ययन, वर्तमान अवस्था र स्रोत साधन सहितको दिर्घकालीन योजना तर्जुमा गरिने छ।

३४. जनताको चाहना, सुविधा र नगरको आवश्यकता पहिचान गरि सुविधा सम्पन्न नगर अस्पताल निर्माण कार्य तत्काल शुरु गरिनेछ। सुनवल स्वास्थ्य चौकी निर्माण कार्य अगाडी बढाईने छ।

३५. विभिन्न संघसंस्था र नागरिक समाजको समेत सहकार्यमा युवामैत्री स्थानीय तह प्रवर्द्धन गरिनेछ।

३६. अति आवश्यक स्वास्थ्य सेवा प्रवाहका लागि नगर स्तरीय एकिकृत एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइने छ।

३७. सामुदायिक स्वास्थ्यको प्रवर्द्धनमा स्वास्थ्य स्वयंसेविकाहरुले खेलेको भुमिकालाई कदर गर्दै स्वयंसेविकाहरु[illegible] सेवालाई जवाफदेही, प्रभावकारी उत्प्रेरित र सम्मानित बनाउन थप सुविधा र क्षमता विकास गरिनेछ

३८. प्रत्येक नागरिकको स्वास्थ्य सम्बन्धी हकलाई संरक्षण एवंम प्रवर्दनका लागी विमा अभिकर्ताहरुलाई घर घर[illegible] खटाई सबै नागरिकलाई स्वास्थ्य विमा कार्यक्रममा सहभागि गराईनेछ।

३९. महामारी, विपद नियन्त्रण र अन्य स्वास्थ्य जोखिम व्यवस्थापनका लागि उचित प्रबन्ध मिलाईनेछ।

४०. आर्थिक अवस्था कमजोर भएका मुद, मृगौला तथा क्यान्सर रोगबाट पीडित नागरिकहरुलाई संघ प्रदेश[illegible] उपलब्ध हुने सुविधाको अतिरिक्त विकास सूचक र विपन्नता तथा गरिवीको परिचय पत्रको आधारमा सहा[illegible] उपलब्ध गराइने छ

४१. विद्यालय र वडा तहमा योग ध्यान केन्द्रहरु सञ्चालन गरिनेछ।

४२. गर्भवति महिलाहरुलाई विषेश रेखदेख, प्रसुति केन्द्रमा प्रसुति हुने र आवश्यक उपचार तथा पौष्टिक आहा[illegible] व्यवस्था गरिने छ।

४३. नगरमै विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य उपचार केन्द्रको व्यवस्था गरिनेछ।



४४. मृगौलाको नियमित डाइलिसिस गर्नुपर्ने बिरामीहरुको लागी अन्य स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा सुनवलमै डायलासिस सेवा केन्द्र स्थापना गरि सेवा दिने प्रबन्ध मिलाईने छ।

४५. ५ वर्षभित्र पूर्ण पोषण सुनिश्चितता गरि सुनवललाई पोषणमैत्री नगरपालिका घोषणा गरिनेछ।

४६. समृद्ध नगर र सुखि नगरवासीको आकांक्षा पुरा गर्न खुसीका सूचकहरुलाई कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ। मनोपरामर्श, मनोचिकित्सा, प्राकृतिक चिकित्सा एवम योग ध्यान केन्द्र सञ्चालनका लागि नीतिगत व्यवस्था गरिनेछ।

४७. जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य परीक्षण तथा सम्मानका लागि अनुभवि ज्ञानलाई संस्थागत गरिनेछ। दृष्टि परीक्षण, अल्जाइमर्श परीक्षण लगायतका रोगहरुको उपचारको कार्यक्रम संचालन गरिनेछ। दिवा सेवा केन्द्रको स्तर वृद्धि र विस्तार गरिनेछ।

४८. फोहरमैला व्यवस्थापनका लागि घरमै जैविक तथा अजैविक फोहर छुट्याउने अभियान संचालन गरिनेछ। जैविक फोहरबाट प्रांगारिक मल बनाउन सहुलियतमा प्रविधि र सामग्री उपलब्ध गराइनेछ।

४९. २०७९ साउनदेखि ५ हजार लिटरसम्म खानेपानी प्रयोग गर्ने उपभोक्ताको पानी महशुल छुट गर्ने व्यवस्था मिलाईनेछ।

५०. विपन्न वर्गका नागरिकहरुलाई आगामी आ. व. देखि निशुल्क धारा जडानको व्यवस्था मिलाईनेछ। निर्माणाधिन खानेपानी योजना र आवश्यक थप योजनाहरु संचालन गरि ५ बर्षभित्र सबै नगरवासीका घरमा स्वच्छ पिउने पानीको सुविधा पुर्‍याईने छ। सतह ढल निर्माणको कार्य अगाडी बढाईनेछ।

५१. नगर क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा व्यवस्थापन र एकरुपताका लागि नगर खानेपानी तथा सरसफाई व्यवस्थापन वोर्ड गठन गरिनेछ।

५२. नगरपालिकालाई छुवाछुत मुक्त नगरपालिका घोषणा गर्न आवश्यक प्रकृया अगाडि बढाईने छ।

५३. स्वास्थ्य क्षेत्रको सेवा प्रवाहलाई SDG संग स्थानीयकरण गर्दै नगरपालिकालाई No home delivery घोषणा गरिनेछ।

५४. बालश्रम मुक्त।

५५. नगरपालिकालाई पोषणमैत्री नगरपालिका घोषण गर्न आवश्यक प्रकृया अगाडि बढाईने छ।

**ख. आर्थिक विकास तर्फ**

५६. स्थानीय सहकारी संस्थाको दर्ता, अनुगमन नियमन, परिचालन प्रवद्धन तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

५७. सार्वजनिक-निजी, सार्वजनिक- सहकारी व सार्वजनिक सामुदायिक साझेदारी सम्बन्धी नीति तथा कानुनहरुको व्यवस्था तथा यसका आधारमा स्थानीय पूवाधार प्रवर्द्धन र उद्यमशीलता विकास गर्ने नीति लिईनेछ।

५८. सहकारीको मूल्य मान्यता र सिद्धान्त अनुरूप कार्य गर्न सहकारीहरूलाई प्रेरित गर्दै सुरक्षित र गुणस्तरीय सेवा



CamScanner

प्रवाहको मापदण्ड विकास र कार्यान्वयन गरिनेछ सहकारीहरुको सबलीकरण र संस्थागत विकास गर्दै व्यवसायिक सीपयुक्त जनशक्ति उत्पादनलागि सहकारीलाई कार्यक्रम संचालन गर्न प्रोत्सहान गरिनेछ।

५९. औद्योगिक ग्रामको स्थापना र आद्यौगिक पूर्वाधारको विकास गरिनेछ ठुला, लघु, साना एवं मझौला उद्योगहरुको स्थापना र विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। उद्योग स्थापनाको लागि आकर्षित गर्न जमिनको प्राप्तीमा सहजीकरण गरिनेछ।

६०. स्थानीय व्यापार प्रवद्धन गर्न हाटबजार पूर्वाधारको विकास र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता र थप विस्तार गरिनेछ उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

६१. उद्यमशीलता विकास तालिम र बीउपुँजीको व्यवस्था गरिने छ। प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ। निर्माण क्षेत्रमा अधिकतम रोजगारी सृजना हुनेगरि श्रम प्रधान प्रविधि अवलम्बन गरिने छ स्वरोजगारी सृजनाका लागि लघुउद्यम र उद्यमशिलता विकास सम्बन्धी कार्यक्रम संचालन गरिने छ।

६२. रोजगारी प्रवर्द्धनका लागि नगरमा एक स्वरोजगार कोषको स्थापना गरिने छ। कोषले बेरोजगारको लगत लिने, अद्यावधि गर्न र बेरोजगारहरुका लागि रोजगारी सृजना गर्ने कार्यक्रम संचालन गर्नेछ

६३. वैदेशिक रोजगारमा जाने, वैदेशिक रोजगारीबाट स्वदेश फर्केका र देशमै व्यवसाय संचालन गर्न चाहने युवा युवतीहरुलाई योग्यता, क्षमता र चाहना अनुरुपको विभिन्न सिपमूलक तालिम दिई व्यवसाय गर्न प्रोत्सहान गरिने छ।

६४. अति बिपन्न परिवारलाई उत्पादनका साधन उपलब्ध गराई स्वरोजगारी र आय आर्जनको अवसर दिलाउन एक व्यक्ति एक तालिम एक व्यवसायको निति अवलम्बन गरिनेछ यसले अधिकतम रोजगारी सृजना गर्ने अपेक्षा गरेको छु।

६५. तालिम लिएका युवाहरुलाई व्यवसाय सञ्चालन गर्न शैक्षिक प्रमाणपत्र एवं सामूहिक जमानीमा सहुलियत व्याजदरमा ऋण तथा आर्थिक सहयोग गर्न निजी क्षेत्र, सहकारी, बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ

६६. कृषि क्षेत्रको विकासको लागी आवश्यक उन्नत जातको बिउ, आधुनिक प्रविधिको उपयोग, तालिम, प्रचार प्रसार कृषि बिमा, कृषि कर्जा र प्राविधिक सहयोगको विशेष व्यवस्था मिलाईनेछ कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ

६७. खाद्य सुरक्षा र उत्पादनमा जोड दिन कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण र वैज्ञानिकरणमा जोड दिइने छ।

६८. सुनवल नगरपालिका भित्रका विभिन्न खेतियोग्य जमिनको वर्गीकरण गर्ने व्यवस्था मिलाई विभिन्न मौसमी र बेमौसमी खेतीका लागी आवश्यक सिंचाईको उचित प्रबन्ध मिलाईनेछ।

६९. विषदीमुक्त उत्पादनमा जोड दिदै अर्गानिक खेती प्रणालीतर्फ कृषकहरुलाई आकर्षित गरिनेछ किसानको उत्पादनलाई बजारीकरण गर्न सहजिकरण गरिनेछ। यसका लागि निजी क्षेत्र तथा सहकारीसँग संस्थागत संयन्त्र विकास गरिनेछ।

७०. सुनवल नगरपालिका भित्रका स्थानहरुलाई तरकारी खेती, फूल खेती, च्याउ खेती, पशुपालन, कुखुरापालन, पालन, मौरी पालनका पकेट क्षेत्रको रुपमा विकास गरिने छ व्यबसायिक कृषि अनुदानलाई सहकारी अनुसार परिचालन गर्ने व्यवस्था मिलाईनेछ कृषि अनुदानलाई उत्पादनमा आधारित वनाइ बैंकिंग प्रणालीवाट सिधै उत्पादकसम्म पुग्ने व्यवस्था गरिनेछ।

७१. किसानहरुले उत्पादन गरेको कृषि उत्पादनहरूको संकलनका लागि विभिन्न स्थानहरूमा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ कृषि उत्पादनको बजारीकरणका लागि संभाव्यताको आधारमा कृषि बजारको थप विस्तार गरिने छ।

७२. स्वस्थकर मासुजन्य खाद्यवस्तुको विक्रिवितरणलाई व्यवस्थित गर्न नगरभित्र सञ्चालनमा रहेका पशु वधशाला र मासु पसलहरुलाई आधुनिकीकरण गर्न नीतिगत व्यवस्था गरिनेछ। खुला मासुजन्य खाद्यको विक्रिवितरण निषेध गरिनेछ सुरक्षित मासु जन्य पदार्थ उपल्ब्ध हुने व्यवस्था मिलाईने छ।

७३. वैज्ञानिक र व्यवस्थित पशुपालका लागि नश्ल सुधार, उन्नत घाँस विकास चरिचरन, पशुजन्य औद्योगिक उत्पादन तथा व्यबस्थापन गरिनेछ, आवश्यक नश्ल सुधारका लागी अनुदान तथा प्रावाधिक उपलब्धताका लागी आवश्यक व्यवस्था गरिने छ।

७४. सुनवल नगरपालिकाको क्षेत्र भित्र रहेका विभिन्न स्थानहरुलाई तेलहन पकेट क्षेत्रमा विकास गरिनेछ। तोरी, सूर्यमुखी, आलस, जस्ता तेलहन खेतीलाई प्रोत्साहन गर्दै नगरलाई खानेतेलमा आत्मनिर्भर बनाउन आवश्यक रणनीति कार्यान्वयन गरिनेछ

७५. नगरपालिका भित्र रहेका विभिन्न स्थानहरुका कृषकहरुलाई फुल खेती तर्फ आकर्षित गराइने छ। यसका लागि आवश्यक प्राविधिक सहयोगको व्यवस्था मिलाईने छ नगर भित्र चाड पर्वमा हुने फुलको आयातलाई न्यूनीकरण गर्दै फुलमा आत्मनिर्भर बनाउने नीति लिइनेछ।

७६. सधैका लागि उर्वर भूमि बनाउने नीति अनुरूप माटो सुधार कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ। ढैंचाको विउ उत्पादन र प्रागारीक मल उत्पादनमा प्रोतसहानको व्यवस्था गरिनेछ छ।

७७. नगर भित्रका प्राकृतिक, पर्यावरणीय, धार्मिक, सांस्कृतिक तथा मनोरञ्जनयुक्त पर्यटन क्षेत्रको संरक्षण प्रवर्द्धन र पुर्वाधार विकास गरिने छ पर्यटन पुर्वाधार विकास र प्रवर्द्धनका लागि पर्यटन विकास गुरुयोजना बनाई लागु गरिने छ। पर्यटकहरुको आकर्षण गर्न सूचना प्रविधिको प्रयोगलाई महत्व दिइनेछ। २ वटा नमुना होमस्टेको विकास तथा सञ्चालन गरिनेछ।

७८. सुनवल नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटकको आर्कषणका लागि होटल, मोटेल, रिसोर्ट खोल्न आकर्षित गर्ने वातावरण सृजना गरिने छ। आन्तरिक तथा बाहय प्रर्यटकको बसाइलाई सुरक्षित र व्यवस्थित बनाउन निजी तथा सुरक्षा निकायसँग समन्वय गरिनेछ।

७९. प्रदेश सरकारसंगको साझेदारीमा सुनवल ९ पचभैयामा कृषि स्रोत केन्द्र स्थापना गरि संचालन गरिने छ।

८०. देवदह पोखरी, स्वाठी पोखरी, पचभैया पोखरी, अमरपोखरी, लगायतका स्थलहरुलाई ग्रीनपार्क निर्माण तथा धार्मिक पर्यटकिय स्थलको रुपमा विकास गरी आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ। शहिद स्मृति पार्कहरुको संरक्षण र विकास गरिने छ।

८१. ऐतिहाँसिक, धार्मिक, सांस्कृति, पुरातात्विक महत्व बोकेका स्थलहरुको संरक्षण, संवर्द्धन तथा पुर्ननिर्माण गरिने छ। महलपोखरी, कोटियामाई, बैरागनाथ, ओमकारेश्वर, कैलाशेश्वर, कोटीयामाइ, बाबावर्दगोरीया, सोमनाथ, बिहारी दरवार, उत्तरायण, मामीसतिसवरिया, कोटही मन्दिर, कृष्णधाम, गुठी, गुम्वा, मस्जिद र चर्चहरु लगायतका सांस्कृतिक तथा धार्मिक स्थलहरुको संरक्षण, विकास र जिर्णोद्धार गरिने छ।

८२. भू-उपयोग योजना निर्माण।

**ग. पूर्वाधार विकास तर्फः**

८३. नगरपालिका भित्र रहेका सबै सडकहरुको वर्तमान अवस्था एवं भविश्यमा गर्नुपर्ने स्तरोन्नती तथा नयाँ सडक निर्माणका लागि वृहत सडक गुरुयोजना तयार गरिने छ। गुरुयोजना कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारसँग लगानी साझेदारी र समन्वय गरिनेछ। ढल, पानी निकास र नाली निर्माण गरी सडकको स्तरोन्नति र पक्की गर्ने कार्य गरिनेछ।

८४. नगर चक्रपथ निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाईने छ। नगरमा कम्तीमा ३ वटा नमूना सडक निर्माण गरिने छ, वडा नं.६ को तिलकानालाई नगरकै नमूना वस्तीको रुपमा विकास गरिने छ।

८५. वडा नं. ४ को निसान पेट्रोल पम्म पश्चिम (अलकत्रेडांडां) देखि वडा नं. ८ को सिरानटोलसम्म फायरलाईन निर्माण कार्य प्रारम्भ गरिनेछ।

८६. जनताको प्रत्यक्ष निगरानीमा पारदर्शिताका साथ विकास निमार्ण कार्य अगाडी बढाउनका लागि योजनाको ईष्टिमेट, मूल्यांङ्कन, कार्य सम्पन्न प्रतिवेदन सम्भव भएसम्म नेपाली भाषामा तयार गर्ने व्यवस्था मिलाईनेछ। योजना स्थलमा राखिने योजनाको सूचना वोर्डमा जनताले बुझ्नेगरी निर्माण सामग्रीको, संक्षिप्त विवरण, ठेकेदार, उपभोक्ता समिति, संघसंस्था र प्राविधिकको नाम सम्पर्क नम्वर समेत राख्ने व्यवस्था गरिनेछ।

८७. जटिल प्राविधिक सिप र ठूला निर्माण सामाग्री आवश्यक पर्ने बाहेक योजनाको प्रकृति, स्थानीयको चाहना, क्षमता, लगानी साझेदारी र आवश्यकताको आधारमा योजना संचालनको उपयुक्त विधि अवलम्बन गरिनेछ।

८८. योजनाको निर्माण कार्य सम्पन्न भएपछि योजना स्थलमै लाभग्राही उपभोक्ताहरुका विच सार्वजनिक सुनुवाई गरि आवश्यक प्रतिवेदन पनि निर्माण स्थलमै तयार गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

८९. सुनवलका देश विदेशमा रहेका बिज्ञ जनशक्तिलाई नगर विकासमा सहयोग र सेवामा स्वइच्छिक सहभागीताका लागि अनुरोध गरिनेछ, त्यस्ता विज्ञहरुको समुहबाट रायसल्लाह सहयोग र परामर्श लिने व्यवस्था मिलाइनेछ।

९०. बिद्यमान सडक मापदण्डलाई नागरिकमैत्री हुनेगरि समयानुकुल पुनरावलोकन गरिने छ। सड़क निर्माण संगै हरियाली संरक्षण र प्रवर्द्धन कार्य गरिने छ।

९१. आगामी पाँच वर्ष भित्र नगरपालिका कार्यालय र नगरका महत्वपुर्ण स्थानहरुलाई वाईफाई फ्रि जोन बनाउ अभियान अर्न्तगत पहिलो चरणमा नगरका केहि महत्वपूर्ण स्थानहरुमा फ्रि वाईफाई जोन बनाईनेछ।

९२. नगरको आवश्यकता र नगरवासीको चाहनालाई मध्यनजर गर्दै भौतिक, सामाजिक र पर्यावरणिय विकास दिर्घकालिन महत्वका योजना तयार गरी योजना बैंक खडा गरिने छ। सार्वजनिक निजी साझेदारीमा यस्ता योज





कार्यान्वयनको लागि लगानी खोजी गरिनेछ।

९३. नेपाल विद्युत् प्राधिकरणसंगको समन्वय र सहकार्यमा जनसहभागिता र लागत साझेदारीमा बिद्युतिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९४. स्थानीय साधन, स्रोतको व्यापक परिचालन गरी नागरिकलाई नगरक्षेत्रमा सहज आवागमनका लागि हरेक वर्ष हिलोमुक्त कार्यक्रमा निरन्तरता दिइनेछ

९५. सुनवल नगरपालिका भित्र बसपार्क, अटो भिलेज र पार्किङ स्थल निर्माण एवम व्यवस्थित गरिने छ। नगरक्षेत्रमा ट्राफिक व्यवस्थापन सड़क सुरक्षा र दुर्घटना रोकथामका लागि नेपाल प्रहरी, सरोकारवाला नागरिक तथा प्रशासनसंग संस्थागत समन्वय र संयन्त्र विकास गरिनेछ।

९६. ई-रेक्स संचालनलाई व्यबस्थित गर्दै विद्यूतिय सवारी साधन सञ्चालनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ।

९७. पुल निर्माण, सिंचाई कुला निमार्ण, कलभर्ट, भूक्षय नियन्त्रण तथा पानी निकास कार्यलाई विषेश प्राथमिकतामा राखी बजेट बिनियोजन गरिनेछ।

९८. नगरपालिका क्षेत्र भित्र हुन सक्ने दुर्घटना र अव्यवस्थित सवारी पार्किडलाई व्यवस्थित र जनमैत्री बनाउन नगरपालिका क्षेत्रका बजार तथा चोक चौराहामा सवारी पार्किङ्को व्यवस्था गरिनेछ।

९९. नगर क्षेत्र भित्र रहेका विपन्न परिवारको खरको छानालाई प्रतिस्थापन गरि खरको छाना रहित नगरपालिका बनाउने अभियान अर्न्तगत खरको छानो भएका गरिवीको परिचय पत्र प्राप्त परिवारलाई अनुदान दिईनेछ।

१००. भुमिहिन सुकुम्बासी, अव्यवस्थित बसोवासी र विगतमा पुर्जा वितरण गरि फुकुवा भएर पनि कारोवार रोकीएका जग्गा सम्बन्धि समस्या समाधान गरिनेछ।

१०१. नगर यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ।

१०२. सुनवल सर्किट निर्माण गरी आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण व्यवस्थापन तथा सांस्कृतिक क्षेत्रमा एकीकृत लगानी गरिनेछ।

१०३. भौतिक पूर्वाधारको सडक तर्फ नयाँ सडक निर्माणलाई निरुत्साहित गरी भएका सडकहरुको स्तरोन्नती गर्ने नीति अवलम्बन गरिनेछ।

१०४. एक घर एक धारा अभियानलाई प्रभावकारी बनाईने छ।

१०५. उज्यालो नगर, धुवाँ मुक्त नगर घोषणा गर्न आवश्यक प्रकृया अगाडि बढाईने छ।

**घ. सुशासन तथा संस्थागत विकास तर्फः**

१०६. नागरिकको नजिकबाट सार्वजनिक सेवा प्रवाह गर्नुपर्छ भन्ने मान्यता र नीतिलाई आत्मसाथ गर्दै वडा कार्यालयको भवन नभएका ५ वटा वडाहरूको वडा कार्यालय भवन निर्माण कार्यलाई अगाडी बढाईने छ क्रमशः

सबै वडाहरुको आफ्नै भवनबाट सेवाप्रवाह गर्ने व्यवस्था गरिनेछ।

१०७. नगरको कामलाई थप व्यवस्थित बनाउन सबै क्षेत्रको प्रतिनिधित्व र अपनत्व कायम गर्न सरोकारवाला नागरिक, निजी क्षेत्र, प्राज्ञिक क्षेत्र सम्मिलित संयन्त्रहरु निमार्ण र परिचालन गरिनेछ सेवा प्रवाहमा सहसाझेदारी, सहकार्य, सहयोग, सहनिमार्ण र सहउत्पादनका आधुनिक माध्यमहरु परिचालन गरिनेछ।

१०८. नगर कार्यपालिकाको संस्थागत संरचना र जनशक्ति व्यवस्थापनका लागि संगठन संरचनालाई नगरपालिकाकोआन्तरिक आय, आवश्यकता, औचित्यता र उपलब्ध स्रोतसाधनका आधारमा पुनरावलोकन गरि अध्यावधिक गरिनेछ।

१०९. कर्मचारी र जनप्रतिनिधिलाई उत्तरदायी, जवाफदेहि र जिम्मेवार वनाउन आवश्यक व्यवस्था गरिनेछ कर्मचारीको कार्यसम्पादन करारको व्यवस्था गरिनेछ। कार्यप्रगति तथा कार्यसम्पादनको आधारमा पुरस्कार र नसिहतको व्यवस्था गर्दै सक्षमता, योग्यता, तह, नियुक्ति र लगावको आधारमा कार्य जिम्मेवारी दिइनेछ।

११०. सेवाग्राही प्रति जिम्मेवार उत्तरदायी, पारदर्शी, सक्षम र प्रविधिमैत्री कर्मचारी संयन्त्रको संस्थागत विकास गर्न योग, ध्यान, प्रशिक्षण, आधुनिक सूचना प्रविधि क्षमता विकास गरिने छ पूर्व कर्मचारी, प्रवुद्धवर्गलाई सेवा दुतकोरुपमा परिचालन गर्ने नीति बनाईनेछ।

१११. शुन्य भ्रष्टाचारको नीतिलाई कडाईका साथ लागू गरिने छ। नगरपालिकामा आर्थिक अनुशासनलाई संस्थागत गर्न अर्थिक कार्यविधि तथा वितिय उत्तरदायी ऐन , नियमावली जारी गरिनेछ स्थानीय, संघ र प्रदेश अनुकुल खर्च सिमा र मापदण्ड निर्माण र कार्यन्वयन गरिनेछ।

११२. मर्यादित पेशा स्वच्छ सेवा भन्ने नाराका साथ नगरपालिका र मातहतका कार्यालय तथा बिद्यालयहरुमा कार्यरत बाल शिक्षक, शिक्षिका, कर्मचारी, बालमैत्री स्वयंसेवक र स्वास्थ्य स्वयमसेवीकाको मासीक पारिश्रमिक वृद्धि गरिनेछ।

११३. कार्य सम्पादनका आधारमा कर्मचारीहरुलाई प्रोत्साहन दण्ड र पुरस्कारको व्यवस्था गर्न एक कार्यविधि जारी गरिनेछ।

११४. स्वदेशी र विदेशी शहरहरुसंग मित्रवत सम्बन्ध कायम गर्दै, सुनवलसंग मिल्दा जुल्दा स्वदेशी र विदेशी नगरहरुसंग भगिनी सम्बन्ध स्थापीत गरिने छ।

११५. जनताको घरदैलोमा सेवा प्रवाह गर्ने वडा कार्यालयहरुमा रहेको कार्य बोझको आधारमा तत्काल मूल्याकंन गरि थप दरबन्दी सहित सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ।

११६. सेवाग्राहीहरलाई सकेसम्म छिटो सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ नगर र वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिने छ। सेवा प्रवाहमा सुशासन कायम गरिनेछ।

११७. बिधि र कानुनको शासनलाई आत्मसाथ गर्दै सुशासन स्थापनाको लागि आवश्यक ऐन कानूनको तर्जुमा गरिनेछ

११८. सूचना प्रविधि नीति निर्माण गरिनेछ। दुरसंचार प्रणालीलाई सबै वडामा सर्वसुलभ बनाउन सेवाप्रदायक संस्थाहरूसँग समन्वय गरिने छ। शुशासनका लागि संचार कार्यक्रम संचालन गरिनेछ।



११९. सुनवल नगरपालिकाको छिमेकी नगरपालिकासँग भएका सिमा सम्वन्धि समस्या समाधान गरिनेछ। ११०. सुनवल नगरपालिकाको स्थिती पत्र तथा स्वेतपत्र प्रकाशन गरिनेछ।

१२०. न्यायीक समितिद्धारा आफ्नो अधिकार क्षेत्र भित्रको न्याय सम्पादन निश्पक्ष , छिटो पारदर्शि र सर्वशुलभ बनाईने छ।

१२१. स्थानीय संघसंस्थाहरुको अनुगमन, नियमन, क्षमता विकास र नगरको विकासमा समन्वय, सहकार्य गरिनेछ।

१२२. स्थानीय आयस्रोत वृद्धिका लागि नदिजन्य वस्तु उत्खनन, निकासी र बिक्री वितरणका लागि अध्ययन अनुसन्धानमा आधारित वैज्ञानिक विधि अवलम्बन गरिनेछ। नदिजन्य प्राकृतिक स्रोतको दिगो उपयोग नीतिलाई कार्यान्वयन गरिनेछ।

१२३. करका दर र दायरा समयानुकुल समायोजन गरिने छ। नागरिकहरुले तिरेको कर र सोको खर्चलाई त्रैमासिकरूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ।

१२४. आन्तरिक आयको वृद्धि तथा दिगो आर्थिक विकास गर्ने नीति अनुरूप राजश्व प्रशासनलाई व्यवस्थित बनाइनेछ। अनलाईन कर तिर्ने र आफ्नो कर सम्बन्धि सम्पूर्ण जानकारी पाउने व्यवस्था मिलाईने छ। बहालकरलाई थप व्यवस्थित गरिने छ।

१२५. कर प्रशासनमा सुधार ल्याउने नीति अनुरूप राजश्व सुधार रणनीति विकास र कार्यान्वय गरी राजस्व प्रशासनलाई समयानुकुल प्रभावकारी, मितव्याई जवाफदेही र पारदर्शि बनाइनेछ।

१२६. नगर क्षेत्रका व्यवसायलाई अनिवार्य दर्ता गर्ने नीति अनुरूप नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता गराउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

१२७. SDG का सूचकहरुलाई स्थानीयकरण गरी अधिकारमा आधारित विकास अवलम्बन गरिने छ।

१२८. संगठन संरचना पुनरावलोकन गरी सेवा प्रवाहलाई चुस्त तथा दुरुस्त गरिनेछ।

१२९. राजश्व सुधार योजना लागू गरी आन्तरिक आय वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

१३०. सेवाको मापदण्ड, खर्चको मापदण्ड स्वीकृत गरी लागू गरिनेछ।

१३१. आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउँदै सुशासनको प्रत्याभुति दिने नीति अवलम्बन गरिनेछ।

१३२. क्षमता विकास योजना निर्माण गरी योग्य जनशक्ति निर्माणमा टेवा पुऱ्याईनेछ।

१३३. प्रकोप व्यवस्थापन कोष, आकस्मिक कोष संचालन कार्यविधी निर्माण र लागू गरिनेछ।

१३४. खरिद योजना, खरिद गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१३५. प्रतिवेदन प्रणालीलाई चुस्तदुरुस्त पारी पारदर्शिता कायम गर्ने नीति अवलम्बन गरिनेछ।

१३६. सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउँदै नेटवर्किङ्ग सेवा बिस्तारमा जोड दिईनेछ।

**ङ वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः**

१३७. एक वन एक बाटिकाः एक वन एक उद्यम कायक्रम संचालनका लागि सामुदायिक वनहरुलाई अग्रसर गराईनेछ। सामूदायिक वनमा आधारित उद्योग स्थापना, उत्पादन, उपयोग तथा उद्यमशीलतामा जोड दिदै सामुदायिक, निजी, धार्मिक र साभेदारी वनहरुको विकास, संरक्षण र सेवामुखी बनाईनेछ।

१३८. वन क्षेत्र संरक्षण, वृक्षारोपण र हुर्काउने कार्यलाई परिणाममुखि बनाईनेछ बन उपभोक्ता समितिको क्षमता विकासमा वनको आम्दानीको ५ प्रतिशत खर्च गर्नु पर्ने व्यवस्था गरिने छ।

१३९. बिपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनलाई विकासका कार्यक्रममा आन्तरिकीकरण गरिनेछ। विपद्जन्य पूर्व तयारी, उद्धार, राहत, पुनर्निर्माण र पुर्नस्थापना सम्बन्धि योजना तर्जुमा र कार्यान्वयन गरिनेछ।

१४०. विपद् नक्साङ्कन, पूर्व तयारी, पूर्व सूचना प्रणालीको विकास गरिने छ। आपतकालिन उद्धार तथा व्यवस्थापनका लागि आश्रयस्थलको व्यवस्थापन गरिनेछ।

१४१. नगरलाई हरियालीयुक्त र प्रदुषणमुक्त बनाउनका लागि विषेश अभियान शुरु गरिने छ। नगर भित्रको खाली तथा सार्वजनिक स्थानमा सामुदायिक वनको सहकार्यमा वृक्षारोपण गर्ने कार्य अगाडी बढाइने छ।

१४२. जलाधार तथा सिमसार क्षेत्रहरुको पहिचान गरि आवश्यकता अनुसारको संरक्षणका कार्यक्रमहरु सञ्चालनमा ल्याई पारिस्थितिक प्रणाली संरक्षण गरिने छ।

१४३. सुनवललाई स्वच्छ सफा हराभरा ग्रीन सिटीको रुपमा विकास गर्न ग्रीन सुनवल क्लीन सुनवल कार्यक्रम सलन गरि आगामी ५ वर्ष भित्र बातावरणमैत्री नगर निर्माण गरिनेछ।

१४४. फोहरमैला व्यवस्थापनका लागि जनचेतना कार्यक्रम संचालन गरिनेछ निजि क्षेत्रको साभेदारीमा नगरलाई स्वच्छ र सफा बनाउन आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ।

१४५. रासायनिक मलको अभावलाई पुरा गर्न तथा रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्न प्राङ्गारीक तथ जैविक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ। कुहिने फोहरबाट प्राङ्गारिक मलको उत्पादन गर्ने प्रविधि प्रयोगम ल्याईने छ।

१४६. जैविक फोहरलाई सकेसम्म घरमा नै व्यवस्थापन गर्न तथा घरघरमा प्राङ्गारीक फोहरबाट गड्यौला मल उत्पाद गर्न तालिम, प्रविधि र उपकरण उपलब्ध गराइने छ।

१४७. नगरपालिकाको फोहोर व्यवस्थापनका लागि वातावरणीय अध्ययन तथा विश्लेषणवाट ल्याण्डफिल साइट प्रशोधनको व्यवस्था गर्दै वडा न ४ मा दिर्घकालिन बहुउद्येशिय ल्यान्डफिल साइट निमार्ण कार्य प्रारम्भ गरिनेछ

१४८. ग्रीनसिटीको अवधारणा अनुसार पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा।

१४९. फोहोरमैला व्यवस्थापनमा फोहरमैला व्यवस्थापन उद्योग स्थापना।

१५०. सरसफाई तथा शहर सुन्दरीकरण तथा आर्थिक सामाजिक विकासमा टोल विकास संस्था अभियानको रुपमा र परिचालन।

"सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानताः समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"

१५१. भू-संवेदनशिल योजना निर्माण गरी लागू गरिनेछ।

१५२. नगरपालिका भित्र जोखिमपूर्ण क्षेत्र पहिचान गरी संरक्षणका लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ।

**अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु**

आदरणीय नगरबासीहरुको अपेक्षालाई पुरा गर्न बजेट कार्यान्वयन लगायत नगरका सम्पूर्ण गतिविधिमा सुनवल नगरवासी आमा बुवा तथा दिदिवहिनी दाजुभाईहरुको सहयोगको अपेक्षा गरेकी छु। प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको ईमान्दारीपूर्ण एवं रचनात्मक सहयोग प्राप्त भएमा सुनवलको विकास र समृद्धिका लागि कोषेढुङ्गा सावित हुनेमा म विश्वस्त छु।

अन्तमा,

यस ऐतिहासिक एघारौ नगर सभामा पाल्नुभएका नगर उप-प्रमुखज्यू र नगर सभाका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु नगरपालिकाको विकासका लागि वजेट तथा कार्यक्रमका साथ सहयोग गर्नुहुने संघीय सरकार र लुम्बिनी प्रदेश सरकार प्रति विशेष आभार प्रकट गर्दछु। नगरको समग्र विकास अभियानमा सदैव संवेदनशिल भई सहयोग गर्नुहुने सबै राजनीतिक दल, संघीय सरकार, लुम्बिनी प्रदेश सरकार तथा जिल्लास्थित सबै कार्यालयहरु निकायहरु, सुरक्षा निकायहरु, सबै गैह्रसरकारी संघ संस्थाहरु, उद्योग बाणिज्य संघ, नागरिक समाज, समाजसेवी, बुद्धिजिवी, पत्रकार लगायत दातृ निकाय र आदरणीय नगरबासी आमाबुवा, दिदीवहिनी तथा दाजुभाईहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी आ.ब. २०७९/०८० को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सबैको सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखेको छु।

सुनवल नगरपालिकाको नीति तथा कार्यक्रम एवं वार्षिक नगर विकास योजना तय गर्न अहोरात्र खटीई ऐतिहासिक नगर सभाको जिम्मेवारी पुरा गर्न सहयोग पुर्याउनु हुने सबै जनप्रतिनिधीज्यूहरु सुनवल नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दै नगर विकासमा समस्त नगरवासीहरुको सहयोगको लागि आह्वान गर्दछु।

*धन्यवाद !!*

**बिमला अर्याल**

नगर प्रमुख

*मिति : २०७९ असार १० गते रोज ६ शुभम्।*

CamScanner